पौवादुङमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
१ नं. प्रदेश नेपाल

## कृषि सामाग्री आपूर्ति सम्बन्धी सिलवन्दी दरभाउ आव्हानको सूचना ।

### (दोस्रो पटक सूचना प्रकाशित मितिः २०७५/०८/२४)

यस कार्यालय वाट कृषक सम्वन्धी सामाग्री सिलवन्दी दरभाउपत्रवाट खरिद गर्नु पर्ने भएकोले त्यस सम्वन्धि इजाज पत्र प्राप्त ईच्छुक उत्पादक तथा अधिकारिक विक्रता/सप्लायर्स फर्महरुवाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दीमा दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ।

१) यो सूचना प्रकाशन भएको मितिले ७ दिन कार्यालय समय भित्र उत्पादक तथा अधिकृत विक्रता / सप्लायर्स फर्महरुवाट दरभाउ पत्र दाखिला गर्न चालु आ.व. २०७५/७६ मा नविकरण भएको इजाजत पत्र, कर चुक्ता प्रमाण पत्र, आयकर तथा मू.अ. करमा दर्ता भएको, नोटरी प्रमाणित प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न राखि रु १०।– को टिकट टाँस गरी कार्यालय समय भित्र रु १०००।– रकम तिरी दरभाउ पत्र फारम दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट दरभाउ पत्र फारम खरिद गर्न सकिने छ। ८ औ दिनको १२ वजे भित्रमा सिलबन्दी दरभाउपत्र दाखिला गरि सोहि दिनको २ वजे प्रतिनिधिहरुको रोहवरमा ( उपस्थित नभए पनि) सिलबन्दी दरभाउपत्र खोलिनेछ।

२) दरभाउपत्र दाताले दरभाउपत्र खरिद गर्दा कार्यालय प्रमुखको दस्ताखत र कार्यालयको छाप लागेको दरभाउपत्र खरिद गर्नु पर्नेछ। खरिद भएको दरभाउपत्र दाताको नाम, ठेगाना, फोन तथा ईमेल आईडि समेत लगाई सिलवन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ।

३) दरभाउपत्र खरिद तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजानिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुने छ।

४) सिलवन्दी दरभाउपत्र साथ रु २५,००० (अक्षरीः पच्चीस हजार) रकम बराबरको दरभाउपत्र जमानत रकम पौवादुङमा गाउँपालिकाको रा.बा. बैंक भोजपुर शाखाको धरौटी खाता नं. २०४०३०३००७१०६ मा जम्मा गरेको सक्कलै बैंक भौचर यस कार्यालयको नाममा जारी भएको प्रचलित कानुन तोकेको अवधि भएको दरभाउपत्र जमानीपत्र (बिडवन्ड) पेश गर्नुपर्नेछ।

५) सारभुतरुपमा प्रभावग्राही दरभाउपत्र मध्ये प्याकेजमा सवैभन्दा घटि रकम कवुल गर्ने फारमको दरभाउ पत्र स्वीकृत गरिनेछ।

६) कार्यालयको आवश्यकता अनुसार दरभाउ पत्रमा उल्लेखित कृषि सामाग्री परिमाणमा घटबढ, दरभाउ स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा रहनेछ।

७) अन्य कुराहरुको हकमा सार्वजानिक खरिद एन, नियमावली र प्रचलित कानुन वोमिजिम हुनेछ।

८) अन्य कुराहरु बुझनपरे कार्यालयको फोन नं. ९८५२०५२०९६ , ९८१०४७१४७८ र ९८५१२१९३३३ मा सम्पर्क गर्न सकिनेछ।

९) प्रत्येक कृषि सामाग्रीको सिलवन्दी दरभाउ पत्र दर्ता गर्न आउदा सामाग्रीको (क्याटलक) नमुना अनिर्वायरुपमा पेश गर्नु पर्नेछ। अन्याथ दरभाउपत्र अमान्य हुनेछ।

१०) एक फर्मको नाममा खरिद गरेको दरभाउपत्र फारम अर्को व्यक्ती वा फर्मको नाममा दाखिला गर्न पाइने छैन।

११) दरभाउपत्र कवोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अंकमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

१२) दरभाउपत्र पेश गरेको मूल्य यस आ.ब. २०७५/७६ को लागि भएकोले २०७६ आषाढ मसान्त सम्म हुने कुनै प्रकारको मूल्य बृद्धिलाई स्वीकार गरिने छैन।

१३) सार्वजानिक खरिद नियामवाली, २०६४ को नियम ४० को उपनियम २ (ङ) अनुसार दरभाउपत्र दाताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा स्वयमले घोषणा गरेको पत्र पेश गर्नु पर्नेछ।

**शिलबन्दी दरभाउको विवरणः-**

| क्र.सं. | सामाग्रीको नाम | परिमाण | जमानत धरौटी राख्ने रकम रु. | दरभाउपत्र फारम खरिद दस्तुर रु. | सूचना प्काशन भएको मितिवाट | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | फर्म किन्ने | दाखिला गर्ने | |
| १ | सेरेना मौरी घार (न्युटन "बी" घार) | २५० वटा | २५,००० | १००० | ७ औं दिनको कार्यालय समय सम्म | ८ औ दिनको १२ वजे भित्र दाखिला गर्ने। सिलवन्दी खोल्ने सोही दिको २ वजे । | स्पेसिफिकेसन अनुसार |